नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ ,रौतहट।

पत्र संख्या :२०७८/०७९

मिति :-२०७८/०६/१८

चलानी नं.- ५१

श्री नगर कार्यपालिकाको कार्यालय

श्री गढीमाई नगरपालिका
श्री कटहरिया नगरपालिका
श्री मौलापुर नगरपालिका
श्री चन्द्रपुर नगरपालिका
श्री गौर नगरपालिका
श्री फतुवा विजयपुर नगरपालिका
श्री परोहा नगरपालिका
श्री राजपुर नगरपालिका
श्री ईशनाथ नगरपालिका

विषय :- सूचना टाँस एवं आवश्यक सहजीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा यस एकाइको चालू आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केरा जोन विकास कार्यक्रममा सहभागि हुनका लागि **सूचिकृत हुने तथा प्रस्ताव आह्वान** सम्बन्धि मिति २०७८/०६/१४ गते प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको छ। उक्त सूचना तहाँको नगरपालिका तथा मातहतको कृषि विकास शाखाको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस एकाइमा पठाई दिनुहुन अनुरोध छ। साथै केरा खेती गर्न इच्छुक योग्य आवेदकहरुलाई आवेदन/प्रस्तावना तयारीमा आवश्यक सहजीकरण गरिदिनुहुन पनि यसै पत्र मार्फत अनुरोध गर्दछु।

दिपेन्द्र मनोहर चौधरी
नि.बरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, रौतहट ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

सूचना नं.:- ०७८/०७९-०६

प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०६/१४

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रौतहटको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केरा जोन अन्तर्गतका कार्यक्षेत्रहरु **गढीमाई न.पा.को वडा नं. १, २, ३, ४, ५ र ६, कटहरिया न.पा. को वडा नं. १, ३, ४ र ५, चन्द्रपुर न.पा. को वडा नं. ३ र ४, गौर न.पा. को वडा नं. २, ४ र ६, फतुवा विजयपुर न.पा. को वडा नं. ५, ६, ७ र ८, परोहा न.पा. को वडा नं. १, २, ३ र ४, ईशनाथ न.पा. को वडा नं. १, २, ३ र ९, मौलापुर न.पा. को वडा नं. ३ र ४** तथा **राजपुर न.पा. को वडा नं. १, २, र ९** भित्रका यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिएका इच्छुक **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** केरा जोन विकास कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सूचीकृत भए पश्चात सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०७८/०७/१२ गते कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा एवं अन्य कुनै थप जानकारीको लागि परियोजना कार्यान्विन एकाइ, रौतहट वा मोबाइल नं. ९८६३८८१५५१ (शत्रुधन महतो) मा सम्पर्क गर्न सकिनेछ ।*

तपशिल

| क्र.स. | कार्यक्रमहरु | माग संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | जोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ पटक | कार्यक्रम अनुसार |
| २ | केरा जोनका लागि सिंचाइ पूर्बाधार निर्माण तथा मर्मत सम्भार | ५० | कार्यक्रम अनुसार |
| ३ | केराको चक्लाबन्दी खेती (Crop pooling) कार्यक्रम | ५ | कार्यक्रम अनुसार |

**नोट: परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरु आवेदनका साथ अनिवार्य पेश गर्नु पर्नेछ ।**

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ गरुडा, रौतहट

.......................

मि. बरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, रौतहट।

## न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्नका लागि सूचीकृत हुने सम्बन्धि सूचना।

**सूचना नं.:- ०७८/०७९-०७**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०६/१५**

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/०५/२९ को निर्णयानुसार चालू आ.व. २०७८/०७९ को लागि निर्धारण भएको न्यूनतम समर्थन मूल्यमा कृषकबाट उत्पादित धान **न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७** बमोजिम खरिद गर्न इच्छुक कृषि सहकारी संस्थाहरुले तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित मिति २०७८/०७/०५ गते भित्र सूचीकृत हुनका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१ सूचीकृत हुनको लागि रु.१० को टिकट टाँस गरिएको निवेदन।

२ संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि (नविकरण सहित) पेश गर्नुपर्ने छ।

३ आवेदक कृषि सहकारी संस्थाले संस्थाको शेयर पूँजी, कारोवार रकम, कार्य क्षेत्र, खरिद गर्न चाहेको स्थानिय तह तथा वडा, धानको परिमाण, किसिम, धान खरिदको लागि आवश्यक रकमको व्यवस्था तथा स्रोत, खरिद गरिने धानको ढुवानी, भण्डारण, प्रशोधन तथा व्यवस्थापन सम्बन्धि विवरण अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४ न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सम्बन्धमा सूचीकृत हुनका लागि आवेदक संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि।

५ आवेदक संस्थाको कार्य समितिले न्यूनतम समर्थन मूल्यमा धान खरिद, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धि विवरण सहितको निवेदन पेश गर्न आधिकारीक ब्यक्ति तोकेको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी।

६ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्ति नागरिकता प्रमाण पत्र को प्रतिलिपि।

७ आवेदक संस्थाको स्थायी लेखा नं.(PAN), आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

८ सम्बन्धित स्थानिय तहको सिफारिस।

९ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं.खुल्ने कागजातको प्रतिलिपि (चेक बुक)।

१० अन्य कुनै थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, गरुडा, रौतहट वा मोबाईल नं ९८६५०७११४३ (संतोष दास) मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई गरुडा, रौतहट

नि. वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, रौतहट।

## सूचीकृत हुने सम्बन्धि सूचना।

सूचना नं.:- ०७८/०७९-०५

प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०६/१४

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रौतहटको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केरा जोन अन्तर्गतका कार्यक्षेत्रहरु **गढीमाई न.पा.को वडा नं. १, २, ३, ४, ५ र ६, कटहरिया न.पा. को वडा नं. १, ३, ४ र ५, चन्द्रपुर न.पा. को वडा नं. ३ र ४, गौर न.पा. को वडा नं. २, ४ र ६, फतुवा विजयपुर न.पा. को वडा नं. ५, ६, ७ र ८, परोहा न.पा. को वडा नं. १, २, ३ र ४, ईशनाथ न.पा. को वडा नं. १, २, ३ र ९, मौलापुर न.पा. को वडा नं. ३ र ४ तथा राजपुर न.पा. को वडा नं. १, २, र ९** भित्रका इच्छुक **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** केरा जोन विकास कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमका कागजातहरुका साथ यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०७८/०७/१२ गते कार्यालय समय भित्र) सूचीकृत हुनका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको निवेदन।

२ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित)।

३ यस एकाइमा केरा जोन विकास कार्यक्रम अन्तर्गत सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धमा आवेदक संस्थाको कार्य/सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि।

४ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

५ आवेदक संस्थाको स्थायी लेखा नं. (PAN) को प्रतिलिपि।

६ आवेदक संस्था अन्तर्गतका यस परियोजना कार्यान्वयन एकाइमा सूचीकृत हुन इच्छुक कृषकहरुको विवरण।

७ सूचीकृत हुनका लागि परियोजना कार्यान्वयन एकाइले तयार गरेको निवेदन सहितको फारम।

*अन्य कुनै थप जानकारीको लागि परियोजना कार्यान्विन एकाइ, रौतहट वा मोबाइल नं. ९८६३८८१५५१ (शत्रुधन महतो) मा सम्पर्क गर्न सकिनेछ।*

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई गरुडा, रौतहट

नि. वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner